NPSN: 078/078/79

# सुन्तलाजात फलको भण्डारणमा लाग्ने हरियो र निलो ढुसी रोग तथा यसको व्यवस्थापन

सुन्तलाजात फल भण्डारण गर्दा हरियो ढुसी *Penicillium digitatum* र निलो ढुसी रोग *Penicillium italicum* को कारणले गर्दा फल कुहिन्छ। यो रोगको जीवाणु बगैंचाको हावामै पाइने र माटो तथा पानीको सहायता वा मानिसको क्रियाकलापले गर्दा फलको सतहमा सर्दछ। टिपाईको क्रममा फलमा घाउ लागेमा यो रोग फल भित्र छिर्ने गर्दछ। टिपाईको क्रममा ध्यान नदिई घाउ लागेको फल भण्डारण गरेमा १ हप्ता भित्रै रोग फैलिएर फललाई गलाउने गर्दछ।

## लक्षण:

फलको सतहमा जीवाणुले छेडेपछि हरियो ढुसी रोगमा पहिले सेतो कपासको भुवा जस्तो देखिन्छ, त्यसपछि बिस्तारै फलको सतह ढाकेर हरियो भुवाको स्वरूप लिन्छ। बाहिर हरियो भुवा बढ्दै जान्छ, भित्रबाट यो ढुसीले फललाई गलाउँदै जान्छ र पछि ढुसी पुरै फैलिएपछि फलबाट अमिलो गन्ध आउने झोल निस्किन्छ। रोगी फलको हरियो भुवा भएको धुलो छोएमा निरोगी फलमा रोग सरी एक हप्ता भित्र फललाई गलाउँछ। अन्तिम अवस्थामा यस रोगले फललाई सुकाएर खोक्रो खोस्टा मात्र बाँकि हुन्छ। निलो ढुसी रोगको लक्षण हरियो ढुसीको जस्तै हुन्छ, मात्र फरक भनेको यसले गर्दा फलको सतहमा निलो रंगको कपासको भुवा जस्तो देखिन्छ। यसको लक्षण हरियो ढुसीको भन्दा बिस्तारै देखिन्छ तर यसले सतह भित्र छिटो असर गर्दछ। एउटा फलमा दुवै ढुसी लाग्ने सम्भावना पनि हुन्छ, थोरै सतहमा निलो ढुसी लागी धेरैमा हरियो ढुसीको प्रभाव देखिन्छ।






## व्यवस्थापन:

- फल टिप्दा फलमा दाग वा घाउ लगाउनु हुँदैन नत्र त्यहि ठाउँबाट रोग बिस्तार हुन्छ।
- भण्डारण गर्नु भन्दा पहिले फलको सतह सफा गरि मात्र भण्डारण गर्नु पर्दछ।
- फललाई सफा गर्न क्याल्सियम क्लोराइड (Calcium chloride) को धुलो (४० ग्राम/१० लिटर) सफा पानीमा मिसाई ४% को घोल बनाई २ मिनेट धोएर छहारीमा सुकाएर भण्डारण गरे ३ महिना सम्म न्युन रोगको संक्रमण देखिने।
- रसायन नपाईने खण्डमा सफा पानीले धोई छहारीमा सुकाएर भण्डारण गर्दा पनि संक्रमण कम हुन्छ।
- यी सबै कार्य गरि फललाई भण्डारण भित्र टिपेको २४ घण्टा भित्र राखी सक्नु पर्छ।
- रोग लागेको फललाई हरेक २ दिनको अन्तरालमा भण्डारणबाट हटाउनु पर्दछ।
- नियमित बगैंचा तथा भण्डारण कोठाको सरसफाई गरि रोगी फलको मात्र घटाउनु पर्दछ।

**थप जानकारीको लागि सम्पर्क**

**लेखक**
दिप्ती अधिकारी (प्राविधिक अधिकृत)

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद
राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम
पारिपात्ले, धनकुटा

फोन नं.: ०२६-५२२०५५
इमेल: ncrpdhankuta@gmail.com
वेभसाइट: www.ncrpdhankuta.narc.gov.np

KOICA
Korea International Cooperation Agency